ज.प्र.का.म.द.नं.४८/०७३/०७४

- वर्ष ७, अंक २
- १८ भदौ २०८० सोमबार
- 4 Sep. 2023, Monday
- www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

## एक युवतीको रहस्यमय मृत्यु, घटना ढाकछोप गर्ने प्रयास, शव प्रहरी नियन्त्रणमा



**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, जनकपुर**

जनकपुरधाममा एक युवतीको र हस्यमय मृत्यु भएको छ । मृत्यु हुनेमा जनकपुरधाम उपमहानगर पालिका १९ जमुनियाकी १८ वर्षीया सरस्वती यादव छन् ।

प्रहरीले आज दिउँसो उनको शव नियन्त्रणमा लिएको हो । कलमा पानी लिन जाँदा लडेर मृत्यु भएको भन्ने आमाकी बालिकाले बयान दिएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी वेदप्रसाद गौतमले बताए ।

तर स्थानीयले भने सरस्वतीको राति नै रहस्यमय मृत्यु भएको बताएका छन् । घटना ढाकछोप गर्ने प्रयास गरिरहँदा आज दिउँसो प्रहरीले खबर पाएपछि शव नियन्त्रणमा लिएको हो । एक छिमेकका अनुसार सरस्वतीलाई अनावश्यक औषधि खुवाइएपछि र क्तश्राव भएर राति नै घरमै मृत्यु भएको छ ।

केही राजनीतिक दलका नेताको सहयोगमा घटनालाई दबाउने प्रयास भइरहेको एक छिमेकले बताए । पोष्टमार्टम रिपोर्ट नआएसम्म कसरी उनको मृत्यु भएको भन्न सकिने डिएसपी गौतमले बताए। यो विषयमा उनले सुरुमा घटना समान्य रहेको पनि भने । तर पछि पोष्टमार्टम रिपोर्ट आएपछि मात्र केही भन्न सकिने बताए ।

## घुँडाको शल्यक्रिया गर्दा डाक्टले शरीरभित्रै कपडा छोड्यो



**शैलेन्द्र महतो**

**भदौं १७ गते, जनकपुर**

जनकपुरधामको नवजीवन हस्पिटलमा घुँडाको शल्यक्रिया गर्दा चिकित्सकले बिरामीको शरीरभित्रै कपडा छाडेको पाइएको छ ।

महोत्तरीको भंगहा नगरपालिका-९ का ३० वर्षीय मन्दीप यादवको बायाँ घुँडाको शल्यक्रिया गर्दा शरीरभित्रै कपडा (गज) छाडेको भेटिएको हो ।

शल्यक्रिया गरेपछि दुख्ने र घाउबाट पिप आउने भएपछि बिरामीले पुनः अर्को अस्पतालमा अपरेशन गर्दा शरीरभित्रै कपडा भेटिएको पीडित परिवारले जनाएको छ ।

५ भदौमा जनकपुरधाम बाह्रबिघाको उत्तरी पूर्वकुना नजिकको नवजीवन हस्पिटलमा डा. मुकुन्द झाले मन्दीपको घाउको शल्यक्रिया गरेका थिए ।

४ साउनमा मोटरसाइकल दुर्घटना भएर चोट लागेपछि मन्दीपले ३२ साउनमा नारायण इएनटी एण्ड प्लास्टिक सर्जरी सेन्टरमा कन्सलटेन्ट प्लास्टिक, रिकन्स्ट्रक्टिभ एवं ह्याण्ड सर्जन डा. मुकुन्द झासँग जाँच गराएका थिए ।

उनले शल्यक्रिया गरे घाउ निको हुने आश्वासन दिएर नवजीवन हस्पिटलमा भर्न हुन आग्रह गरे । त्यसै दिन साँझ ४ बजे शल्यक्रिया गरे । आठ वटा टाँका लगाए । एक सातापछि डिस्चार्ज गरे, शल्यक्रिया र अस्पताल शुल्क गरी ६५ हजार रुपैयाँ लिएको मन्दीपका दाइ सन्तोष यादवले बताए ।

दुई/तीनदिन घरमा ड्रेसिङ गर्दा घाउबाट पीप आउन थाल्यो, फोन गर्दा डा. झाले उठाउन छाडेको सन्तोषले बताए ।

घुँडा निको नभएपछि १२ भदौमा मन्दीप प्रादेशिक अस्पताल जनकपुरमा भर्ना भए । अर्थोपेडिक सर्जन डा. सन्दीप शर्माले पुनः शल्यक्रिया गर्दा घाउमा कपडा भेटिएको हो ।

'अन्यत्र कतै अप्रेसन गराउनुभएको थियो । तर निरन्तर घाउबाट पिप आयो भन्नुभयो । शंका लागेर टाँका खोलेँ । भित्र केही वस्तु छ जस्तो लाग्यो' उनले भने, 'भित्र गज र हेछ, निकालेर फेरि सरसफाइ गरी टाँका लगाइदिएको छु ।'

भित्र छाडिएको वस्तु धेरै दिन ननिकालेको भए घाउ अझै जटिल हुन सक्ने डा. शर्मा बताउँछन् ।

चिकित्सकको लापरबाहीले आफ्नो स्वास्थ्य झण्डै जोखिममा परेको बिरामी मन्दीपले बताए ।

'केहीदिन चेक नगराएको भए त मेरो खुट्टा गुम्न पनि सक्थ्यो', मन्दीपले भने, 'उपचारमा चरम लापरबाही गर्ने डा. झा र नवजीवन हस्पिटललाई कारबाही हुनुपर्छ ।'

डा. मुकुन्द झाको क्लिनिक हिजोआज बन्द छ । साइनबोर्डमा लेखिएको मोबाइल स्वीच अफ छ । नवजीवन हस्पिटलका म्यानेजर सञ्जीव साहले आफ्नो हस्पिटलमा बिरामीको दुईपटक शल्यक्रिया भएको बताए । तर बिरामी डिस्चार्ज भएर गएपछि पुनः समस्या हुँदा सम्पर्कमा नआएको तर्क गरे ।

'डिस्चार्ज भएर गएपछि बिरामी हाम्रो सम्पर्कमा आएको छैन । त्यसपछि के भयो हामीलाई थाहै भएन' उनले भने 'केही समस्या भएपछि हाम्रो सम्पर्कमा आउनुपर्थ्यो नि ।'

शल्यक्रिया गरेपछि डा. मुकुन्द झा आफ्नो शुल्क लिएर गएको र उनी आफूहरुको सम्पर्कमै रहेको बताए ।

मन्दीपका दाइ सन्तोष यादवले उपचारका नाममा ठगी र बिरामीको जीवनसँग खेलबाड गरेको भन्दै चिकित्सक र हस्पिटललाई कारबाही गर्न नेपाल मेडिकल एशोसिएसन (एनएमसी) समक्ष उजुरी गरेका छन् ।

'डा. मुकुन्द झाले मानिसको जीवनसँग खेलबाड गरेको, गम्भीर लापरबाही गरेको र ठगी गरेकोले कानुन बमोजिम क्षतिपूर्ति भर इदिन र हदैसम्मको कारबाही गर्न उजुरी गरेको छु', सन्तोषले भने ।

## मिटरव्याज पीडितहरुले प्रशासन विरुद्ध गरे प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, जनकपुर**




जनकपुरमा मिटरव्याज पीडितहरुले प्रशासनविरुद्ध प्रदर्शनसहित नाराबाजी गरेका छन् ।

मिटरब्याज पीडित संघर्ष समिति धनुषाको आयोजनामा प्रदर्शन गरेका प्रदर्शनकारीहरुले मिटर ब्याजी संरक्षक प्रशासक मुर्दाबाद, निषेधाज्ञा खारेज गर, मिटर ब्याजीलाई पक्राउ गरी कारबाही गर, १० प्रतिशतभन्दा बढी व्याज लिन पाइँदैन लगायतका नाराबाजी समेत गरेका हुन् ।

उनिहरुरले मण्डल कुट्टीबाट जुलुस निकाली विभिन्न भागको परिक्रमा सहित प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय घेराउ गरे ।

जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएका उनिहरुले बिचौलियाको रूपमा काम गर्ने कर्मचारीलाई तत्काल छलफलबाट हटाउनु पर्ने, विभिन्न राजनितिक दल र जनप्रतिनिधिहरुको अनावश्यक हस्तक्षेप बन्द हुनु पर्ने लगायतका मागहरु अघि सारेका छन् ।

यस्तै उनिहरुले तीन पटकसम्म बोलाउदा पनि नआउने सुदखोरहरुलाई गिरफतार गरी आवश्यक कार्यावाही गर्नुपर्ने, मिटर ब्याजी कक्षमा पिडीतलाई धम्काउने डेराउने र पकाउने काम बन्द गर्नुपर्ने, मिटरव्याजीमाथि पीडितको रकम र जग्गा अविलम्ब फिर्ता गर्नुपर्ने र मिटरव्याजी उपर कानुन बमोजिम अनुचित लेनदेन जाहेरी दरखास्त दर्ता गर्नुपर्ने लगायत ८ सुत्रीय माग राखेका छन् ।

उक्त मागहरु कार्यान्वयन नभएमा थप आन्दोलनको घोषणा गर्ने संघर्ष समिति धनुषाका अध्यक्ष राजाराम यादवले जानकारी दिए।

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# विदेशिने क्रम रोक्नुपर्छ

छिमेकीले अन्तरिक्षमा यान पठाउँछ, मेरो देशले खाडीमा जवान पठाउँछ ।मेरो देशले अरू केही पठाउन नसकेपनि घरको याद हरेक साँझ-बिहान पठाउँछ
गणेश गौतमको यो गजल पछिल्ला दिनहरूमा धेरै स्मरणमा रह्यो। केहीदिनअघि चार जना आफन्त एकैदिन वैदेशिक रोजागरीका लागि उडे। यसो घोत्लिएर सूची तयार गर्दा करिव ५० घर रहेको मेरो गाउँबाट मात्रै २८ भन्दा बढी युवा रोजगारीका लागि विदेशिइसकेछन्। आफन्तलाई वर्षौंका लागि बिदाइ गर्दैगर्दा नरमाइलो अनुभूति भयो। सोचैं-विस्तारै गाउँ रित्तिँदैछ। भविष्यमा त गाउँमा बालबालिका र वृद्धहरू मात्रै पो हुने हुन् कि? चिन्ता उत्तिकै बढेको छ। विदेशिने क्रम बढेपछि नेपालीहरूको संस्कार, चाडपर्वमा देखिने रौनकहरू पनि क्रमशः घट्दै जानेछन्। छोराछोरीलाई बिदाइ गर्दैगर्दा आमाहरू रुँदै भन्दै थिए-अब त घरै रित्तो र अँध्यारो भयो। विदेशिनेहरू रमाइलो र घुमफिर का लागि नभई रोजगारीका लागि गएका हुन्। कडा शारीरिक परिश्रम गर्न गएका हुन्। केही कमाइ गरेर ऋण तिर्न र परिवारको भविष्यको चिन्ताले सताएर गएका हुन्। विदेशिनेहरूको पनि आफ्ना व्यक्तिगत सपनाहरूत पक्कै होलान् तर त्यो भन्दा धेरै आफ्नो परिवार र सन्ततिको भविष्यको चिन्ताले सताएर गएका हुन्। पछिल्लो समय रहरले भन्दा बाध्यताले विदेशिने धेरै छन्। केही गर्छुभन्दा पनि अवसर नपाएर विदेशीने धेरै छन्। केही वर्षअघिसम्म गाउँबाट एक दुई जना विदेश गए भन्दा पनि असाध्यै ठूलो बहसको विषय हुन्थ्यो। अहो ! कसरी गएको होला? कहिले आउला? कति कमाउला? तर आजकल गाउँघर र नजिकका आफन्तहरू विदेशिने सङ्ख्या सयौं पुग्न लागिसक्यो। बढ्दो छ। आजकाल जमाना उल्टो भएको छ। कोही कसैको घरबाट कोही विदेश गएको छैनन् भने फलानोको घरको त कोही विदेश किन गएनन्? नेपालमै पनि भविष्य देखेरै बसेका होलान् कि? जान नसकेर होला? भनेर अचम्म मान्ने हुन थालेछ। केही सपना, केही महत्वाकांक्षा, केही अत्यावश्यक आवश्यकता र विदेशिनेको लहरले बाँकी रहेकाहरूलाई पनि मानसिक दबाब बढिरहेको छ। त्यसैले त लहर बढ्दो छ। यो लहर को पछाडि धेरै दुःख, पीडा, वेदना र सपना छन्। भविष्यप्रतिको चिन्ता छ।

# कांग्रेस-एमालेको चेतावनीपछि सत्ता ढल्ने दिन गन्दै प्रचण्ड

**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, काठमाडौं**

गत असार २४ गते संसद् अवरोध हटाउन सहमतिका लागि तीन शीर्ष नेताहरु प्रधामन्त्री पुष्पकमल दाहाल प्रचण्ड, सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष

काठमाडौं- सरकार गठन भएको ८ महिनामा नै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नै आफ्नो सत्ता ढल्रुने दिनगन्ती सुरु गरिरहेका छन्। यसले आमजनतालाई नै आश्चार्यचकित पारेको छ। प्रधानमन्त्री प्रचण्डले शनिबार काठमाडौंको चन्द्रागिरि -२ घट्टेडाँडामा 'जनतासँग माओवादी' कार्यक्रमलाई सम्बोधन गर्दै सत्ताबाट आफूलाई हटाउनेका विरुद्ध करोडौं जनताको बीचमा पुगेर आन्दोलनको नेतृत्व गर्ने बताए।

उनी यतिमा मात्रै रोकिएनन् र आफ्नो दिन गन्ती नै सुरु गरे । उनले अगाडि थपे, 'म ३२ सिटको पार्टीको नेता भएको छु। म कतिदिन प्रधानमन्त्री रहने हो, हुनसक्छ १५ दिन, एक महिना, ३० दिन। जति दिन रहनेछु। र, मलाई जसले हटाउनेछन् तिनका विरुद्ध लाखौं-करोडौं जनताको बीचमा आन्दोलनको नेतृत्व गर्नेछु।' उनले फेरि सम्हालिँदै आफैंलाई आश्वस्त पार्ने प्रयास गर्दै भने, 'अहिले ८ महिना भएको छ म त हट्न परेको छैन। मलाई लाग्छ पाँच वर्षै हट्न पर्दैन जस्तो देख्दैछु। गठबन्धन पाँचै वर्ष चल्छ होला।'

प्रधानमन्त्री प्रचण्डले आफू सत्ताबाट हट्रुने भयका बारेमा बोलेको पहिलो पटक भने होइन। उनले प्रायःजसो सार्वजनिक कार्यक्रममा कुनै न कुनै कोणबाट आफूलाई सत्ताबाट हटाउने खेल भइरहेको र चाँडै सत्ताबाट हटाइने भय व्यक्त गरिरहेका हुन्छन्।

सुर्खेतको वीरेन्द्रनगरमा भदौ १४ गते आयोजित समाजवादी मोर्चाको सन्देश सभालाई सम्बोधन गर्दै उनले आफ्नो नेतृत्वको सरकारले राम्रो काम गरेको प्रतिक्रियावादी तत्व र दलालहरुलाई सह्रुय नभएको पनि जिकिर गरे। उनले भने, 'मैले सरकारको नेतृत्व गर्दैगर्दा १५ दिन भए पनि, एक महिना भए पनि राम्रो काम नै गर्नेछु। र राम्रो काम गर्दागर्दै कसले हटाउँदो रहेछ भने हेर्छु। म सरकार छोड्न गाह्रो मान्ने मान्छे होइन। तर क्रान्तिकारीहरु चनाखो भएर अझै ठूलो मोर्चा बनाउनुपर्ने समय आएको छ।'

त्यसैगरी प्रधानमन्त्री प्रचण्डले भदौ १२ राष्ट्रिय सभागृहमा आयोजित नेकपा माओवादी केन्द्रको उपत्यका विशेष प्रदेश समितिले आयोजना गरेको प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै अहिलेको सरकार विरुद्ध घेराबन्दी भइरहेको बताएका थिए। उनले भने, 'नक्कली भुटानी शरणार्थी प्रकरण, सुन प्रकरण, तस्करीको जालो तोड्ने काम अगाडि बढेको छ। यो यहीँ रोकिनेवाला छैन। भ्रष्टाचारविरुद्धको अभियान थप तीव्र भएर जान्छ। हामीविरुद्ध घेराबन्दी छ, अनेकौं कुप्रचार छ।'

त्यसअघि साउन ३० गते सम्पादकहरुसँगको छलफलका क्रममा अहिले सचिवहरुले माइन्युट नै उठाउन नमानेकोले आफूलाई काम गर्न समस्या भएको गुनासो गरेका थिए। उनले भनेका थिए, 'कति दिन त सचिवहरुले नै माइन्युट गर्नै मानेनन, अहिले त मन्त्री नै मान्दैनन् जस्तो भएको छ। सत्तामा बसेर पनि काम गर्नसक्ने अवस्था छैन।'

त्यसअघि २५ असारमा संसदमा जवाफ दिने क्रममा प्रधानमन्त्री प्रचण्डले भनेका थिए, 'लामो समय प्रधानमन्त्री हुन्छु भन्ने मलाई अहिले पनि छैन । त्यसैले जति समय बसिन्छ वार् फुटिङमा पहल लिनुपर्नेछ ।' उनी फेरि आफैंलाई सान्तवना दिन्छन् र भन्छन्, 'मैले १२-१३ दिन प्रधानमन्त्री भएका विश्वका नेताहरूबारे पढ्थें। हाम्रोमा पनि ६ महिना, ९ महिना, १० महिना प्रधानमन्त्री भएको शृंखलावद्ध अनुभव छँदैछ। लामो समय प्रधानमन्त्री नभए पनि जति दिन हुन्छ, राष्ट्र र जनताको पक्षमा काम गरेर देखाउँछु भन्ने छ। मैले अरु बाँकी के नै गर्नु छ र?'

माथि उल्लेख गरिएका अभिव्यक्ति प्रधानमन्त्री प्रचण्डलाई ८ महिनामा नै सत्ता नरहने भय उत्पन्रुन भएपछिका उदाहरणमात्रै हुन्। तर , उनले आफ्नै पार्टीका नेता-कार्यकर्तासँगको भेटमा पनि आफ्नो सत्ता लामो टिक्रुन नसक्रुने भय व्यक्त गरिरहेका हुन्छन्। प्रधानमन्त्री प्रचण्डलाई भेटेका पार्टीका एक केन्द्रीय सदस्यले अनौपचारिक संवादका क्रमाम नेपाल समयकर्मीलाई सुनाए, 'अहिलेका यी विभिन्रुन काण्डहरुको दबाबमा प्रधानमन्त्रीज्यू हुनुहुन्छ। उहाँले मिडियाले साथ दिइरहेकोले यतिसम्म सहयोग भएको छ। तर, राजनीतिकरुपमा निकै दबाब छ। कति दिन सत्ता टिक्रुने हो भनेर हरेक दिन दिन गन्ती गर्नुपरेको छ भनेर प्रधानमन्त्रीज्यू नै सुनाउनु हुन्छ।'

**कांग्रेस-एमालेको चेतावनी**

हुन पनि प्रधानमन्त्री प्रचण्ड प्रधानमन्त्री भएपछि पटक-पटक उनको राजीनामा माग गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले संसद् अवरुद्ध गरिरहेको छ। तर, आन्तरिक सहमतिपछि भने संसद् अवरुद्ध गर्नुपर्ने यथार्थ र तर्कसंगत कारण जनतालाई नबताएर नै संसद् खुलाउने गरेको छ। अर्कोतर्फ नेकपा एमाले नेताहरुले नै यो सरकार बढीमा दसैंसम्म मात्र टिक्रुने सार्वजनिक अभिव्यक्तिहरु दिइरहेका छन्। गत साउ ४ गते सम्पादकहरुसँगको संवादमा नेकपा एमालेका महासचिव शंकर पोखरेलले १२ प्रतिशत जनमतलाई समेत प्रभावित पार्न नसक्नेले प्रधानमन्त्री बन्रुनरु प्रयास गर्नु नै लोकतन्त्रका लागि लज्जाको विषय भएको बताए। उनले थपे, 'जसले १२ प्रतिशतको जनमतलाई प्रभावित गर्ने सामर्थ्य राख्दैन अनि त्यही व्यक्ति प्रधानमन्त्री बन्छु भन्दै देश-विदेश दौडाहामा कुदेको छ। यो भन्दा लज्जाजनक लोकतन्त्र के हुन्छ त? जनमत गुमाएकाहरुले राष्ट्रको नेतृत्व गर्ने भन्ने कुरा लोकतन्त्रको कुरा होइन। लोकतन्त्र भनेको जनमत भएकाहरुले शासन गर्ने प्रणाली हो। हो यहीँ मान्यताको पैरवी गरिएको हो।'

उनले अब मुलुकको लोकतन्त्रलाई जोगाउन र कमजोर बनेको अर्थतन्त्रलाई ट्र्याकमा ल्याउनका लागि जनताले पत्याएका दुई ठूला पार्टीहरु एक ठाउँमा आउनेपर्नेमा पनि जोड दिए। त्यसैगरी नेकपा एमालेकै उपमहासचिव प्रदीप ज्ञवालीले भारत भ्रमणको क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कुर्सी बचाउनका लागि नेपालका जलस्रोत भारतलाई हस्तान्तरण गरेर आएको आरोप लगाए। एमालेको भदौ १६ गते शनिबार भएको लुम्बिनी प्रदेशको अधिवेशनलाई सम्बोधन गर्दै उपमहासचिव ज्ञवालीले कुर्सीका लागि जस्तासुकै कागजमा पनि सहिछाप गर्न तयार हुने मान्छेहरू वर्तमान सरकारमा रहिरहन उपयुक्त नभएको बताए।

'यस्ता पात्रहरु सरकारमा छन् जसले आफू सत्तामा टिक्नका लागि, आफ्नो कुर्सीको दिर्घायुका लागि जस्तासुकै कागजमा पनि सहिछाप गर्न तयार छन्,' उनले भने,'यस्ता मानिसहरु धेरै दिन सत्तामा रहिरहने हो भने मुलुकको लोकतन्त्र र स्वाधिनता नै खतरामा पर्छ।'

नेकपा एमालेले मात्र नभई यसअघि नेकपा एकीकृत समाजवादीले समेत सत्ता ढल्रुनेसक्ने चेतावनी दिएको थियो। नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सरकारले बजेट नसच्याए र गलत ट्र्याकमा हिँडे सरकार लामो समयसम्म वैशाखी बन्रुन नसक्रुने चेतावनी दिएका थिए। उनले यस्तो अभिव्यक्ति दिएको केही समयमा नै ललिता निवासको जग्गामा भएको हिनामिनासम्बन्धीको फाइल खोलिएको थियो। जसमा पूर्वप्रधानमन्त्रीसमेत रहेका माधवकुमार नेपालसमेतको नाम रहेको थियो। उत्त फाइल खुलेपछि भने अध्यक्ष नेपालले सत्ता पाँच वर्ष नै टिक्रुने अभिव्यक्ति दिन थालेका थिए।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# गौशाला सम्सी सडक खण्डमा जनचेतनामूलक होर्डिङ बोर्ड स्थापना




**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, महोत्तरी**

महोत्तरीको गौशाला सम्सी सडक खण्ड अन्तर्गत गौशाला रेड देखि सम्सी सम्म दुर्घटना न्यूनीकरण जनचेतनामूलक होर्डिङ बोर्ड स्थापना गरेको छ ।

रि-स्टार प्रेस गौशालाको आयोजना र विभिन्न व्यक्तिहरुको सहयोगमा गौशाला रेड देखि सम्सी सम्मको विभिन्न २० स्थानमा दुर्घटना न्यूनीकरण जनचेतनामूलक होर्डिङ बोर्ड स्थापना गरेको हो । शनिबार एक कार्यक्रमको आयोजना गरि सो-होर्डिङ बोर्ड स्थापना गरिएको हो ।

कार्यक्रमको सम्बोधन गर्दै गौशाला नगरपालिकाको नगर प्रमुख डा. दिपेन्द्र महतोले भने "दुर्घटना हुनुमा ट्राफिक भन्दा बढी दोषी हामी स्वयं रहेको" बताएका छन् । मेयर महतोले गौशाला नगरपालिकामा ट्राफिक नियमको अनिवार्य कडा रुपमा सबैजनाले पालना गर्नुपर्ने कुरामा जोड दिदै सबैलाई गति सिमित गरेर सचेतता पुर्वक सवारी साधन चलाउन आग्रह गरेका छन् ।

कार्यक्रममा इलाका प्रहरी कार्यालय गौशालाका प्रमुख मनोज यादव, जिल्ला ट्राफिक कार्यालय महोत्तरीका प्रमुख रामभक्त भट्टर ाई, जनप्रतिनिधिहरु, विभिन्न संचार कर्मी, शिक्षकहरु लगायत विभिन्न जनसमुदायको सहभागिता रहेको थियो ।

# भारतसँग पहिलो पटक भिड्दै नेपाल, सुपर फोरमा पुग्ने चान्स कति?




**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, काठमाडौं**

एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत नेपाल र भारतबीचको विजेता टोली सुपर फोरमा पुग्नेछ।

श्रीलंकाको पालेकेले इन्टरनेसनल क्रिकेट रङ्गशालामा भोलि हुने समूह 'ए' अन्तर्गतको खेलमा नेपाल र भारतबीचको विजेता टोली एसिया कपको सुपर फोरमा पुग्ने दोस्रो टोलीको टुङ्गो लाग्नेछ। समूह 'ए' मा रहेको पाकिस्तान भने सुपर फोरमा पुगिसकेको छ।

नेपाल र भारत पहिलो पटक सिनियर टोलीमा आमनेसामने हुन लागेका हुन्। अन्तर्राष्ट्रिय क्रिकेट खेल्न लागेको करिब २७ वर्षपछि नेपालले भारतसँग पहिलो पटक खेल्ने मौका पाएको हो। त्यस्तै एसिया कपमा नेपालको यो पहिलो सहभागिता पनि हो। नेपालले सन् २०१७ मा भने भारतको यू-१९ टोलीसँग खेलेको थियो। मलेसियामा भएको उक्त यू-१९ एसिया कप क्रिकेटमा नेपालले भारतलाई १९ रनले पराजित गर्दै ऐतिहासिक नतिजा हात पारेको थियो। अब नेपालले सिनियर टोलीमा पहिलोपटक भारतसँग खेल्दै नयाँ इतिहास कायम गर्नेछ।

समूह 'ए' मा रहेका नेपाल र भारतले समान एक-एक खेलका छन्। जसमा नेपाल पाकिस्तानसँग पराजित भएको थियो भने भारतले पाकिस्तानसँग अङ्क बाँडेको थियो। वर्षाका कारण भारत र पाकिस्तानबीचको खेल रद्द भएपछि दुवै टोलीले समान एक-एक अंक बाँडेका हुन्।

समूह 'ए' मा पाकिस्तान शीर्ष स्थानमा छ। त्यस्तै भारत दोस्रो स्थानमा रहँदा नेपाल तेस्रो स्थानमा छ। पाकिस्तान दुई खेलमा एकमा जित र एकमा अङ्क बाँड्दै तीन् अङ्कका साथ सुपर फोरमा पुगिसकेको हो। भारतको एक खेलमा एक अङ्क छ। एक खेल खेलेको नेपाल अङ्कविहीन छ। नेपाल पहिलो खेलमा पाकिस्तानसँग दुई सय ३८ रनले फराकिलो अन्तरले पराजित भएको थियो।

समूह चरणको अन्तिम खेलमा नेपाल विजयी भएमा एसिया कपको सुपर फोरमा पुग्नेछ। अन्यथा नेपाल प्रतियोगिताबाट बाहिरिनेछ।

समूह 'बी'मा अफगानिस्तान, बङ्गलादेश र श्रीलङ्का छन्। हरेक समूहका शीर्ष दुई टोली सुपर फोरमा स्थान बनाउनेछन्। सुपर फोरबाट शीर्ष दुई टोली फाइनलमा पुग्नेछन्।

नेपाली टोलीमा कप्तान रोहितकुमार पौडेलसहित आशिफ शेख, कुशल भुर्तेल, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, करण केसी, गुल्शन झा, आरिफ शेख, सोमपाल कामी, अर्जुन साउद, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा र श्याम ढकाल रहेका छन्।

# गोपाल सेवा समिति बर्दिबास गठन



**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, बर्दिवास**

गोपाल सेवा समिति बर्दिबास नगर समिति गठन गरिएको छ । शनिबार महोत्तरीको बर्दिबासमा भएको भेलाले सत्यनारायण यादवको अध्यक्षतामा १२ सदस्यीय नगर समिति गठन गरिएको हो ।

गोपाल सेवा समितिका केन्द्रीय कार्यवाहक अध्यक्ष बजरंग यादवको विशेष उपस्थितिमा गठन गरिएको बर्दिबास नगर समितिको उपाध्यक्षमा संतोष यादव, सचिवमा सरोज यादव, सहसचिवमा पुनन कुमारी यादव र कोषाध्यक्षमा शेषनारायण राय यादव(पिन्टु) यादव चयन भएका छन् । यस्तै सदस्यहरुमा बिनोद यादव, रंजना यादव, गोविन्द कुमार यादव, हेमनारायण कुमार यादव, परमेश्वर यादव, उपेन्द्र यादव र गौरी यादव रहेका छन् ।

स्थानीय चन्देश्वर यादवको अध्यक्षतामा सम्पन्न भेलाले श्याम यादवको नेतृत्वमा ९ सदस्यीय सल्लाहकार समिति समेत चयन गरेको छ । सल्लाहकार समितिका सदस्यहरुमा शोभालाल यादव, रामबाबु यादव, बैजनाथ यादव, चन्देश्वर यादव, शरद यादव, संतोष कुमार यादव, अजय कुमार राय र विरेन्द्र यादव रहेका छन् ।

# नेपाल र भारतको खेल पनि हुन सक्छ रद्द, पानी पर्ने सम्भावना ८९ प्रतिशत

**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, काठमाडौं**

एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत नेपाल र भारतबीचको खेलमा पनि वर्षा बाधक बन्ने सम्भावना देखिएको छ।

श्रीलंकाको क्यान्डीस्थित पल्लेकेले स्टेडियममा भारत र नेपालबीच सोमबार समूह चरणको अन्तिम खेलमा भिडन्त हुँदैछ।

नेपाली समयअनुसार दिउँसो सवा ३ बजेदेखि हुने उक्त खेलको समय पनि क्रिकेट स्टेडियम क्षेत्र बादलले ढाक्ने देखिएको छ।

मौसमविदहरुले उक्त समयमा पानी पर्ने सम्भावना ८९ प्रतिशत रहेको जनाएका छन्। स्टेडियम क्षेत्रको तापक्रम २१ देखि २७ डिग्री सेल्सियससम्म रहन सक्नेछ।

यसै स्टेडियममा शनिबार भएको भारत र पाकिस्तानबीचको खेल पनि मध्यराति वर्षात्का कारण रद्द भएको थियो।




उक्त खेलमा पनि वर्षका कारण केवल एक मात्रै पारी सम्भव भएको थियो। अर्कातिर दोस्रो पारीको एकै बल नखेली खेल रद्द भयो। भारतले टस जितेर पूरै ओभर खेल्न नपाई २६६ रनमा समेटिएको थियो।

श्रीलंकाको मौसम विभागका अनुसार सोमबार क्यान्डीमा बिहान ८ बजेदेखि नै पानी पर्ने पूर्वानुमान छ। पानी पर्ने र रहने क्रम मध्यरातिसम्म चल्न सक्नेछ।

अर्कातिर खेलको समय दिउँसो २ बजेदेखि पानी पर्न सक्नेछ। भारत र नेपालको खेल भारतीय समयानुसार दिउँसो ३ बजे र नेपालीसमयानुसार दिउँसो सवा ३ बजे सुरु हुनेछ। टस भने दिउँसो साढे २ बजे गरिनेछ।

यदि सोमबार भारत र नेपाल बीच हुने खेल रद्द भएमा भारत सुपर फोरमा जाने छ। नेपालले आफ्नो पहिलो खेल पाकिस्तानलाई सुम्पिएको थियो।

यस्तोमा अहिले नेपाल समूह चरणको अन्तिममा रहेको छ। भारत र पाकिस्तानको खेल रद्द हुँदा उनीहरुले १/१ अंक बाँडेका छन्। उता समूह ए को अंकतालिकामा पाकिस्तान ३ अंकसहित अगाडि छ। उसले सुपर फोरको यात्रा तय गरिसकेको छ।

भारत दोस्रो नम्बरमा छ। नेपालसँगको खेल रद्द भए पनि यसको २ अंक हुनेछ। उता नेपाल १ अंकसहित घर फर्किनेछ।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०    प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

रूफटप होटल एण्ड गेष्ट हाउस

मिटिङ्ग हल, पार्टी पैलेश

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**बटेश्वर गाउँपालिका**

**बटेश्वर, धनुषा**

# दलित आमा छोरालाई लोसपाका नेता रामचन्द्र जयसवाल द्वारा ज्यान मार्ने प्रयास





**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, जनकपुर**

दलित आमा छोरालाई लोसपाका नेता रामचन्द्र जयसवालले ज्यान मार्ने प्रयास गरेको आरोप लागेको छ ।

सबैला नगरपालिका वडा नं. ३ मा घर भएकी ५४ वर्षीया कौसिलया देवी दास र नीजको छोरा २१ वर्षीय भरोषी दासलाई निर्घात कुटपिट गरिएको छ।

भदौ १५ गते राती ९ वजेको समयमा जयसवालको दारु भट्टीमा काम गर्ने श्याम यादव, विन्दी यादव, जोगिन्द्र दास लगायत ७-८ जनाको समुहले रामचन्द्र जयसवालको नेतृत्वमा साँघातिक आक्रमण गरिएको पिडित पक्षले बताएका छन् ।

मिटर व्याजी जयसवालसँग छोरीको विवाह गर्न ५ लाख ऋण कर्जा लिएकोमा दुइ वर्षमा ५ लाख फिर्ता गरे पनि विपक्षी जयसवालले पुन ७ लाखको तमसुक बनाएको पिडितले बताइन । सोही कर्जा तिर्न हाल बसेको घरेरी बेचेर ऋण पनि तिर्ने सबैलामै अर्को ठाउँमा सस्तोबाला जग्गा खरिद गरि घर बनाएर बस्ने योजनामा रहेको कौसिलया देवीलाई सो जग्गा आफुलाई ऋणको वापत दिन केही दिन देखि जयसवालले दवाव दिइरहेको थियो । उसलाई सो जग्गा दिन तयार छैन कौसिलया आमा छोरा । सोही विषयमा कौसिलयाको छोरा भरोषीलाई सबैला बजारमा जयसवालसँग भनाभन भएको थियो ।

जयसवालको योजनामा आफ्नै दारु भट्टीमा काम गर्ने श्याम यादव, विन्दी यादव, जोगिन्द्र दास र अन्य तीन जना समेत गरि ७/८ जनाको समुहले कौसिलयाको छोरा भरोषी दासलाई घरबाट तानेर सडकमा लगि निर्घाट कुटपिट गरिरहदा मुख र नाकबाट रगत बगेर बेहोस भएको अवस्थामा छोरा बचाउन पुगेकी कौसिलयालाई दारु भट्टीबाला जयसवालले लात खुट्टाले तल्लो पेट पेरुमा प्रहार गर्दा कौसिलयाको यौनीबाट बल्ल बलि रगत बगेर बहोस भएको अवस्थामा गाउसमाजका मानिसहरुले प्रहरीलाई खवर गरेका थिए । प्रहरीहरु पनि बोलबाला जयसवालकै पक्षमा खडा भयो तर जव दुवै आमा छोरा रगतले लतपत भएको देखेर प्रहरीले उपचारको लागि पठाएका थिए । सवैलाको सरकारी अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारको लागि गोल्डेन होस्पिटल जनकपुरमा उपचार भइरहेको पिडित पक्षले जनाएको छ ।

गरिव दलित समुदायको भरोषी दास बैदेशिक रोजगारीको लागि तयारमा छन तर विपक्षीले निधार, टाउको र छातीमा हात मुक्का र खुट्टाले प्रहार गर्दा धेरै नै रगत बगेको छ । छाती धेरै नै दुखेको पिडितले बताए । कौसिलया र नीजको छोरीको बलाउज समेत च्याती दिएकोले अभद्र व्यवहार समेत गरेको स्थानीयबासीहरुले बताए ।

जयसवालले नेतृत्व गरेको टिमले दलित परिवारमाथि आक्रमण गर्दा कौसिलयाको कानमा लगाएको चार अनाको सुन, छोरी जिवछी कुमारीको चार अनाको मंगल सुत र कानमा लगाएको चार अना सुन गरि जम्मा बार अना सुन र छोराको हातमा रहेको रेडमी मोबाइल समेत खोसिएको पिडित पक्षको दावी रहेको छ । घटनाको तीन दिन वितिसक्दा पनि पाच सय मिटर दुरीमा रहेको इलाका प्रहरी कार्यालयले बेखर छन । कसरी गरिव,दलित, महिला र सिमान्तकृत समुदायलाई समाजमा न्याय पाउछ । रक्षा गर्ने सुरक्षाकर्मी नै पिडकको पक्षमा लागेपछि पिडितले कसरी न्याय पाउँछ । आरोपितहरु खुल्लायाम घुमिरहेको छ । प्रहरी मुखदर्शक बनेका छन् ।

# तीन दिन भित्र रकम भुक्तानी गर्ने रेल्वे र पम्पबीच सहमति

**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, जनकपुर**



नेपाल रेल्वे कम्पनी र जनकपुर धामका भी आयलबीच तीन दिन भित्र बाँकी भुक्तानी गर्ने सहमति भएपछि पम्पले तेल उपलब्ध गराएको छ ।

गत साउन १ देखि भदौ १५ गते सम्म गरी कुल २६ लाख ३४ हजार भन्दा बढी रकम बक्यौता रहेका कारण भदौ १५ गते सम्म भुक्तानी नगरे तेल नदिने चेतावनी पेट्रोल पम्पले दिएको थियो । नेपाल रेल्वेमा हाल महाप्रबन्धक छैनन् । भदौ २ गते कार्यकाल समाप्त भएपछि निरन्जन झा हटेका छन् । सरकारले उनैलाई अथवा अर्कालाई नियुक्ति गरिसकेको छैन् ।आर्थिक कारोबार गर्ने अधिकार महाप्रबन्धककै रहेकाले अर्को महाप्रबन्धक नआउन्जेल पम्पलाई रकम भुक्तानी गर्न नसक्ने भनिएपछि भी आयलले तेल दिन असमर्थता जनाएको थियो । भी आयलका सञ्चालक बजरंग साहले भने-‘शनिवार नेपाल रेल्वेका कर्मचारी आएर तीन दिनको समय माग गरेपछि सधै भरि काम भइरहने भएकाले तीन दिन तेल दिन सहमत भएको बताए । रेल्वेका कर्मचारीहरु दुई दिन भित्र महाप्रवन्धक आइ सक्ने भएकाले भुक्तानी गरिदिने प्रतिवद्धता जाहेर गरेपछि आफूहरुले रेल्वेलाई तेल दिन तयार भएको सञ्चालक साहले बताए । रेललाई दैनिक ४ सय लिटर डिजेल खपत हुने गरेको छ ।

नेपाल रेल्वे आफ्नो ट्यांकर लिएर भी आयलबाट दैनिक डिजेल ल्याउने गरेको छ ।

# गौशालामा सर्पको टोकाइबाट युवकको मृत्यु

**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, महोत्तरी**

महोत्तरीको गौशालामा सर्पको टोकाइबाट एक युवकको मृत्यु भएको छ । गौशाला नगरपालिका वडा नं. १२ पुरानो कन्तिबजारमा बस्ने ३८ वर्षीय विजय ठाकुरको मृत्यु भएको प्रहरीले जनाएको छ। घरमा सुतिरहेको अवस्थामा राति ३ बजेतिर सर्पले घाटीमा टोकेको थियो । उनलाई सर्पले टोकिसके पछि उपचारका लागि बर्दिवास सर्पदन्श उपचार केन्द्रमा लगिएको थियो ।

बर्दिवास सर्पदन्श उपचार केन्द्रमा लगेपछि उपचारको क्रममा भेन्टिलेटरको आवश्यक परेपछि त्यहाँ एउटै भेन्टिलेटर भएकोले उपचार हुन नसकेपछि थप उपचारको लागि बर्दिबास जनसेवा हस्पिटलमा रेफर गरियो। उनलाई बर्दिबास जनसेवा हस्पिटलमा पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए ।

# होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीको नयाँ कार्यसमिति चयन




**खबर दर्पण समाचारदाता**

**भदौं १७ गते, बर्दिवास**

बर्दिवास- होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीको नयाँ कार्यसमिति चयन गरिएको छ।

आइतवार सम्पन्न पाँचौ साधारण सभा तथा चौथो जिल्ला अधिवेशनबाट गुञ्जबहादुर कार्की (गोपाल)को नेतृत्वमा २१ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध निर्वाचित भएको छ।

निर्वाचित पदाधिकारीको प्रथम उपाध्यक्ष अमित बस्नेत, द्वितीय उपाध्यक्ष बलराम श्रेष्ठ, तृतीय उपाध्यक्ष मिनबहादुर थापा महासचिव नारायण घिमिरे, सचिव परमेश्वर महतो, सह सचिव अंमृत श्रेष्ठ , कोषाध्यक्ष विमल भण्डारी र सह कोषाध्यक्ष धनेश्वोर साह चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा आरती घिमिरे, कमला कोईराला, मिरा पराजुली, उमेश महतो, मुकेश साह, विनोद भण्डारी, विश्वास ढुङ्गेल, सन्तोष श्रेष्ठ, साविर हुसेन, रोशन कार्की, हर्क बहादुर दाहाल र ज्ञानु राउत रहेका छन् ।


## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौँ ।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौँ।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।**

औरही नगरपालिका
महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा